# क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड सम्बन्धी मापदण्ड, २०८०

गण्डकी प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा

# क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड सम्बन्धी मापदण्ड, २०८०

प्रस्तावना: मन्त्रालय वा अन्तर्गत कार्यालयहरुमा रहेको प्रादेशिक सडक सुरक्षा सम्बन्धी कार्य गर्न, पुँजीगत अनुसन्धान तथा परामर्श निर्माणाधीन सडकको (Zone of influence) भित्र गर्ने क्षेत्रमा अत्यावश्यक सामाजिक पूर्वाधार (Community Infrastructure) निर्माण गर्न, सडकको नियमित मर्मत-सम्भार गर्न तथा प्राकृतिक प्रकोप लगायतको आपतकालीन पुनःस्र्थापना गर्न, सरकारी भवन मर्मत सम्भार र निर्माण गर्न तथा सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार गर्न क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट वाडफाँड गर्ने कार्यलाई प्रभावकारी, पारदर्शी र नतिजामुलक बनाउन वाञ्छनीय भएकाले,

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मापदण्डको नाम "क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट वाडफाँड सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "एकमुष्ट बजेट" भन्नाले स्वीकृत वार्षिक विकास कार्यक्रम तथा आयोजनामा समावेश भएका बाँडफाँड गर्न बाँकी रहेको रकम सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका कार्यालय तथा आयोजना कार्यालय सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गत रहेको पूर्वाधार विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२
## क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड तथा स्वीकृति र सीमा

३. बाँडफाँड गर्नुपर्ने बजेट शीर्षक: एकमुष्ट बजेट बाँडफाँड गर्नुपर्ने रकम खर्च शीर्षक देहाय अनुसार हुनेछ:-

(क) प्रादेशिक सडक सुरक्षा कार्यक्रम (ख.शि.न : ३११५१), को रकम,



गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय पोखरा, नेपाल

प्रदेश सचिव

(ख) पूँगीजत अनुसन्धान तथा परामर्श (ख.शि.न : ३११७२), को रकम,

(ग) निर्माणाधीन सडकको Zone of Influence भित्र गर्ने क्षेत्रमा अत्यावश्यक सामाजिक पूर्वाधार Community Infrastructure निर्माण गर्ने (ख.शि.नः ३११५१), को रकम,

(घ) बाढी-पहिरोबाट क्षतिग्रस्त सडक, सडक पुल, झोलुंगे पुलको आपतकालीन पुनर्स्थापना कार्य (ख.शि.न : ३११५१) , को रकम,

(ङ) कालोपत्रे/ ग्राभेल/माटे सडक सतहको नियमित /आवधिक/आकस्मिक मर्मत सम्भार गर्ने (ख.शि.न : ३११५१) को रकम,

(च) झोलुङ्गेपुल विस्तृत परियोजना प्रतिवेदन तयारी (पुल सम्बन्धी अनुसन्धान तथा परामर्श) क्रमागत(ख.शि.नं. ३११७२) को रकम,

(छ) वातावरणीय अध्ययन तथा प्रतिवेदन तयारी (अनुसन्धान तथा परामर्श) क्रमागत (ख.शि.नं.३११७२) को रकम,

(ज) भवन सम्बन्धी अनुसन्धान तथा परामर्श सेवा (ख.शि.नं.३११७२) को रकम,

(झ) सरकारी भवन मर्मत सम्भार तथा निर्माण (ख.शि.नं.३१११२) को रकम

(ञ) सरकारी भवन तथा सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार (ख.शि.नं.३११६१) को रकम,

४. निवेदन संकलन गर्न सक्नेः(१) दफा ३ मा उल्लेखित खर्च शीर्षक नम्वरमा रहेका क्रियाकलापहरुको बाँडफाँटका लागि सम्बन्धित कार्यालय तथा निर्देशनालयले सरोकारवाला स्थानीय तह तथा सम्बन्धित स्थानीय नागरिकसँग समन्वय गरी निवेदन संकलन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन संकलन गर्दा स्थानीय तहको सिफारिस पेस गर्नुपर्नेछ।

तर सरकारी भवन निर्माण तथा मर्मत सम्भारको हकमा मात्र सम्बन्धित कार्यालयको सिफारिस साथ पेस गर्नुपर्नेछ।

५. निवेदन स्वीकृत गर्न सक्नेः (१) दफा ४ बमोजिम संकलन भई प्राप्त निवेदन उपर कार्यक्रमको सम्भाव्यता, उपयुक्ततता, औचित्यतता, प्राथमिकता र आवश्यकताका आधारमा कार्यालयले जाँचबुझ गरी सिफारिस साथ स्वीकृतिका लागि निर्देशनालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएका संकलन भएका निवेदनको–जाँचबुझ गरी स्वीकृत गर्न उपयुक्त देखेमा स्वीकृतिका लागि सिफारिस सहित निर्देशनालयले मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्देशनालय मार्फत स्वीकृतिका लागि सिफारिस भएका मन्त्रालयले उपयुक्तताको आधारमा स्वीकृत गर्न सक्नेछ।



प्रदेश सरकार ... विकास तथा यातायात व्यवस्था मन्त्रालय पोखरा, नेपाल
प्रदेश सचिव

(४) यस मापदण्ड बमोजिम क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट फागुन मसान्तभित्र बाँडफाँड गरिसक्नु पर्नेछ।

तर विपद् तथा आपतकालीन परिस्थितिको व्यवस्थापनका लागि मन्त्रालयले जुनसुकै समयमा कार्यलयको सिफारिसमा कार्यक्रम स्वीकृत गर्न सक्नेछ।

६. दफा ५ बमोजिम संकलित तथा स्वीकृत भएका कार्यक्रमको रकम न्यूनतम रु एकलाख भन्दा कम रकमका कार्यक्रम स्वीकृत गर्न सक्नेछैन ।

## परिच्छेद-३

## विविध

७. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>: मन्त्रालयले यस मापदण्डमा उल्लेखित आफुलाई प्राप्त अधिकार मध्ये कुनै अधिकार मातहतका निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

८. <u>मापदण्ड संशोधन गर्न सक्ने</u>: मन्त्रालयले आवश्यक देखेमा यो मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ।

९. <u>बचाउ</u>: यस मापदण्ड स्वीकृति हुनु भन्दा अगाडि भए गरेका क्रियाकलाप यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

प्रदेश सचिव